# नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना

# चौमासिक बुलेटिन

बर्ष : १ अंक : १ श्रावण–कार्तिक २०७७ (Jul/Aug-Oct/Nov 2020)

## नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना : संक्षिप्त परिचय

### १. आयोजना


नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना, छनौट गरिएका पशुजन्य मूल्य शृंखलामा उत्पादकत्व वृद्धि गर्ने, पशुजन्य उत्पादनहरुको मूल्य अभिवृद्धि गर्ने र नेपालको पशु सेवा क्षेत्रको सुदृढीकरण गर्ने उद्देश्यले कृषि तथा पशुपन्छी विकास मन्त्रालयले विश्व बैंकको ऋण सहयोगमा सञ्चालन गरिएको आयोजना हो । यो आयोजना आ.व. २०७४/७५ देखि कार्यान्वयनमा आएको छ ।

### २. आयोजना कार्यान्वयनक्रम

आयोजना कार्यान्वयनक्रमका प्रमुख कोसे ढुंगाहरु यस प्रकार रहेकाछन्:

| क्र.सं. | विवरण | मिति |
|---|---|---|
| १ | सम्झौता | २०७४ माघ ७ (२१ जनवरी, २०१८) |
| २ | आयोजना प्रभावकारी भएको | २०७४ फागुन १६ (२८ फेब्रुअरी, २०१८) |
| ३ | आयोजना निर्देशन समिति गठन | २०७५ जेठ ४ (१८ मे, २०१८) |
| ४ | आयोजना व्यवस्थापन कार्यालय स्थापना | २०७५ असार २७ (११ जुलाई, २०१८) |
| ५ | विकेन्द्रीकृत आयोजना सहयोग इकाई स्थापना | २०७५ वैशाख २० (३ मे, २०१८) |
| ६ | आयोजना समापन हुने | २०८० आषाढ १५ (३० जुन, २०२३) |


आयोजनामा लगानीका स्रोत




### ३. आयोजनाको लागत

आयोजनाको कूल प्रस्तावित लागत त्यसको स्रोतको विवरण यस प्रकार छः

| क्र.सं. | स्रोत | रकम (मिलिअन अमेरिकी डलर) | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाल सरकार | १० | ८.७० |
| २ | विश्व बैंकको ऋण सहयोग | ८० | ६९.५७ |
| ३ | लाभग्राहीको लगानी | १० | ८.७० |
| ४ | स्थानीय बैंक तथा वित्तीय संस्थाको लगानी | १५ | १३.०३ |
| | जम्मा | ११५ | १०० |




### ४. लक्षित लाभग्राही

यो आयोजनाले २५०० कृषक समूह र ५०० सहकारीमा आबद्ध भएका ४५ प्रतिशत महिला सहित २००,००० लाभग्राहीलाई प्रत्यक्ष लाभ पुऱ्याउने लक्ष राखेको छ ।

### ५. आयोजना क्षेत्र

यो आयोजना नेपालका ५ वटा प्रदेशका २८ जिल्लाका २८९ गाउँ तथा

बाँकी पृष्ठ ३

1 आयोजनामा नवीनता

## उत्पादनमूलक गठबन्धन

समूह, संस्था र सहकारीहरुमा संगठित भएका साना उत्पादक कृषकहरु र ती कृषकका उत्पादन खरिद गर्ने खरिदकर्ताबीच निर्धारित परिमाण र गुणस्तरको उत्पादन आपूर्ति गर्ने औपचारिक सम्झौता प्रक्रियालाई उत्पादनमूलक गठबन्धन भनिएको छ । नेपालमा उत्पादनमूलक गठबन्धनको अवधारणा नयाँ भए पनि दक्षिण अमेरिका र अफ्रिकाका कतिपय देशहरुमा यसको सफल अभ्यास भएको पाइन्छ। यस आयोजनाले उत्पादनमूलक गठबन्धनको आधारमा तयार पारिएका दूध, खसीबोकाको मासु र पश्मिना मूल्य शृंखलाका उत्पादन र प्रशोधनका क्रियाकलापसँग सम्बन्धित करिब ५०० वटा व्यवसायलाई पूरक अनुदान र प्राविधिक सहयोग उपलब्ध गराउने लक्ष लिएको छ । यस प्रकार आयोजनाद्वारा उत्पानमूलक गठबन्धनलाई गरिने सहयोगले गर्दा लगानी, उत्पादन सामग्री, प्राविधिक तथा व्यवसाय विस्तार सेवा र बजारीकरण सहज तथा सुदृढ हुने र आयोजनाको लगानीको प्रभावकारीता अझ बढ्ने अपेक्षा गरिएको छ । आयोजना बारे चासो राख्ने र आयोजनासँग सहकार्य गर्न इच्छुक सबैको जानकारीको लागि उत्पादनमूलक गठबन्धन सम्बन्धी यो जानकारी प्रस्तुत गरिएको छ ।

बाँकी पृष्ठ ४

**सल्लाहकार**

**डा. डिल्लीराम सेढाई**
आयोजना निर्देशक

**डा. प्रभाकर पाठक**
प्रोजेक्ट टेक्निकल लिड

**डा. अमरबहादुर शाह**
टिम लिडर-प्राविधिक सेवा प्रदायक

**डा. श्रीराम न्यौपाने**
पशु प्रजनन विज्ञ

**सम्पादक मण्डल**

**प्रधान सम्पादक**

**डा. नरबहादुर रजवार**
सूचना, शिक्षा र सञ्चार विज्ञ

**सदस्य**

**डा. मोहनदेव लेखक**
वरिष्ठ अनुगमन तथा मूल्यांकन अधिकृत

**श्री सुरेश बस्नेत**
सूचना, सञ्चार प्रविधि विज्ञ

**सम्पादन सहयोगी**

**श्री प्रजेश अधिकारी**

**सुश्री सीमा पाण्डे**

**प्रकाशक**

**नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना (NLSIP)**
हरिहरभवन, ललितपुर

# आयोजना निर्देशकको भनाई



नेपालको राष्ट्रिय अर्थतन्त्रमा पशुपन्छीपालन क्षेत्रको उल्लेख्य एवं महत्वपूर्ण योगदान रही आएको छ । परम्परागत रुपमा गरिदै आइएको पशुपालनमा पछिल्ला केही दशकयता परिवर्तन भएको छ र देशमा गाई, भैंसी, बाख्रा, कुखुरा तथा बंगुरका व्यावसायिक फार्महरुको संख्यामा वृद्धि भएको छ । यस प्रकार निर्वाहमुखीबाट व्यावसायिक बन्नेक्रममा रहेको पशुपालन क्षेत्रको आधुनिकीकरण र सुदृढीकरणमा सहयोग पु¥याउन विश्व बैंकको सहयोगमा नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना कार्यान्वयन भइरहेको छ । दूध, खसीबोकाको मासु र पश्मिनाको उत्पादकत्व वृद्धि गर्ने, पशुजन्य उत्पादनहरुको मूल्य अभिवृद्धि गर्ने र नेपालको पशु सेवा क्षेत्रको सुदृढीकरण गर्ने उद्देश्य राखेको यस आयोजनाका लक्षित क्रियाकलापहरु केन्द्रमा आयोजना व्यवस्थापन कार्यालय र कल्स्टर तहमा चार वटा विकेन्द्रीकृत आयोजना सहयोग ईकाईहरु मार्फत ५ प्रदेशका २८ जिल्ला र २८९ गाउँ तथा नगरपालिकाहरुमा सम्बन्धित प्रदेश तथा स्थानीय सरकारहरुसँगको समन्वयमा सञ्चालन भई रहेका छन ।


आ.व. २०७४/७५ देखि कार्यन्वयनमा रहेको यस आयोजनाले सम्भाग “क” संस्थागत सुदृढीकरण तथा आवश्यक नियामक क्षमता सबलीकरण अन्तरगतका क्रियाकलापहरुद्वारा अनुकूल वातावरण सिर्जना गरी सम्भाग “ख” अन्तर्गतका क्रियाकलापहरु मार्फत पशु सेवा क्षेत्रमा नवीनता प्रवर्द्धन तथा सेवा प्रवाहमा आधुनिकीकरण गर्ने र सम्भाग “ग” बाट पशुजन्य उत्पादनहरुको समावेशी मूल्य शृंखला विकास गर्ने लक्ष लिएको छ । आयोजनाको सम्भाग “घ” भने आयोजना व्यवस्थापन तथा सञ्चालनसँग सम्बन्धित छ ।

आयोजनाले सुरुवातदेखिनै विभिन्न माध्यमहरुको उपयोग गरी पारदर्शी र प्रभावकारी तरिकाले सरोकारवालाहरुबीच सूचना सम्प्रेषण गर्ने प्रयास गरिरहेको छ र, यो चौमासिक बुलेटिनको प्रकाशन पनि त्यही दिशामा एक अर्को थप प्रयास हो । यो बुलेटिन प्रकाशनको मुख्य ध्येय आयोजनाका चौमासिक अवधिका गतिविधिहरु बारे सरोकारवालाहरुलाई जानकारी दिने भए पनि बुलेटिनको यो प्रथम अङ्क भएकोले आयोजना सम्बन्धी केही जानकारीमूलक सामग्रीहरु समेत यसमा समावेश गर्न सान्दर्भिक ठानेका छौं । यस अङ्कमा प्रकाशित सामग्रीहरु आयोजना कार्यान्वयनमा प्रत्यक्ष वा अप्रत्यक्षरुपमा सहभागी वा सहयोगी रहनुभएका सबैलाई उपयोगी हुने अपेक्षा हामीले राखेका छौं । यहाँहरुबाट बुलेटिन प्रकाशनमा मात्र नभई समग्र आयोजना सञ्चालन प्रक्रियामा पृष्ठपोषण प्राप्त हुने अपेक्षा गरेका छौं र प्राप्त हुने सकारात्मक सुझाउहरुलाई ग्रहण गर्ने वचनबद्धता समेत जाहेर गर्दछौं ।

विगतमा सञ्चालन भएका यस्तै प्रकृतिका आयोजनाहरुबाट पाठ सिकेर कार्यान्वयन पक्ष सुधार गर्दै आयोजना सञ्चालन गर्ने प्रयास गरिरहेकोमा हाल कोभिड-१९ महामारीले आयोजना कार्यान्वयनमा अवरोध सिर्जना गरेको छ । कोभिड-१९ को सन्त्रास र संकटको वर्तमान समयमा पनि आयोजना कार्यान्वयनमा निरन्तर कार्यरत रहेका कर्मचारी, परामर्शदाता र आयोजना कार्यान्वयनमा प्रत्यक्ष वा अप्रत्यक्षरुपमा सहयोग पु¥याइरहनु भएका कृषि तथा पशुपन्छी विकास मन्त्रालय, मन्त्रालय मातहतका निकायका पदाधिकारी तथा विश्व बैंकका आयोजना टोली प्रमुख लगायत अन्य सबै पदाधिकारीहरु प्रति म आभार प्रकट गर्दछु । एवं प्रकार आयोजना कार्यान्वयनमा सहयोग पु¥याउने प्रदेश सरकार र स्थानीय तहका सबै पदाधिकारीहरु प्रति पनि म आभारी छु । अन्त्यमा, बुलेटिनको प्रस्तुत अङ्क प्रकाशन गर्न योगदान दिन यस बुलेटिनका सम्पादक मण्डलका सदस्यहरुलाई धन्यवाद दिन चाहन्छु ।

मंसिर, २०७७

आयोजना निर्देशक



## . . . सक्षिप्त परिचय . . .


नगरपालिकाहरुमा प्रदेश सरकार तथा स्थानीय तहको समन्वयमा कार्यान्वयन भइरहेको छ।

| क्र. सं. | प्रदेश | जिल्ला | गाउँ तथा नगरपालिका | | |
|---|---|---|---|---|---|
| | | | गाउँ पालिका | नगर पालिका | जम्मा |
| १ | १ | पाँचथर, इलाम, झापा, धनकुटा, उदयपुर, मोरङ्ग र सुनसरी | ४० | ३७ | ७७ |
| २ | २ | सप्तरी, धनुषा, सिरहा | २४ | २९ | ५३ |
| ३ | बागमती | काभ्रेपलाञ्चोक, काठमाडौं, मकवानपुर र चितवन | १६ | २५ | ४१ |
| ४ | गण्डकी | स्याङ्जा, कास्की, मुस्ताङ्ग, मनाङ्ग, तनहु, म्याग्दी र नवलपुर | ३२ | १६ | ४८ |
| ५ | लुम्बिनी | रुपन्देही, नवलपरासी, गुल्मी, अर्घाखाँची, कपिलबस्तु, पाल्पा र बर्दिया | ४३ | २७ | ७० |
| | जम्मा | | १५५ | १३४ | २८९ |

## ६. आयोजना कार्यान्वयन व्यवस्था

### ६.१ आयोजना व्यवस्थापन कार्यालय

आयोजना कार्यान्वयन गर्न हरिहरभवन, पुल्चोक, ललितपुरमा आयोजना व्यवस्थापन कार्यालय (Project Management Unit) स्थापना गरिएको छ । आयोजना निर्देशकले नेतृत्व गर्ने यो कार्यालयमा नेपाल सरकारद्वारा खटाइएका कर्मचारीहरुको साथै आयोजनाले नियुक्त गरेका सल्लाहकार र अन्य कर्मचारीहरु कार्यरत छन ।




### ६.२ विकेन्द्रीकृत आयोजना सहयोग इकाई

एवं प्रकार आयोजनाको प्रभावकारी कार्यान्वयनको लागि बुटवल, पोखरा, हेटौंडा र विराटनगरमा विकेन्द्रीकृत आयोजना सहयोग इकाईहरु स्थापना गरी आयोजनाको कार्यक्षेत्रका प्रदेश र नगर तथा गााउपालिकाहरुमा कार्यक्रम सञ्चालन गर्न जिम्मेवार बनाइएको छ। यी विकेन्द्रीकृत आयोजना सहयोग इकाईहरुले आयोजना व्यवस्थापन कार्यालयसँग समन्वय गरी आ-आफ्नो कार्यक्षेत्र भित्र आवश्यकता अनुसार कार्यक्रम तथा बजेट तयार गरी सञ्चालन गरिरहेका छन ।

## ७. आयोजनाका सम्भागहरु

यस आयोजनाका निम्न चारवटा सम्भागहरु छन:

क. संस्थागत सुदृढीकरण तथा आवश्यक नियामक क्षमता सबलीकरण ।

ख. पशु सेवा क्षेत्रमा नवीनता प्रवर्द्धन तथा सेवा प्रवाहको आधुनिकीकरण।

ग. छानिएका पशुजन्य उत्पादनहरुको समावेशी मूल्य शृंखला विकास ।

घ. आयोजना व्यवस्थापन तथा ज्ञान सिर्जना ।

## ८. अपेक्षित उपलब्धी

प्रस्तुत आयोजनाका अपेक्षित उपलब्धीहरु यस प्रकार छन:

- गाई र भैसीको दूधमा ४०% वृद्धि हुने ।
- खसी-बोकाको मासु उत्पादनमा ४०% वृद्धि हुने ।
- च्यांग्रा पश्मिना उत्पादनमा आयोजना अवधिमा ८०% वृद्धि हुने ।
- उत्पादित दूध, मासु र पश्मिनाको बिक्री ३०% ले बढ्ने ।
- आयोजनाको सेवा र सामग्री २००,००० कृषक परिवारमा पुग्ने ।
- ७५,००० कृषक परिवारले जलवायु मैत्री प्रविधिहरु अभ्यासमा ल्याउने ।



## उत्पादनमूलक...

उत्पादनमूलक गठबन्धनको सफल कार्यान्वयनको कारण उप-आयोजना सञ्चालनमा:

- जोखिमको न्यूनीकरण हुने छ ।
- प्राप्त हुने नाफा बाँडिने छ ।
- पूरक अनुदान प्राप्त हुने भएकाले साझेदारीको कार्यान्वयन दिगो हुने छ।

### १. उत्पादनमूलक गठबन्धनका साझेदार पात्रहरू

- पशुजन्य पदार्थका उत्पादक र उत्पादन गर्ने संस्था वा समूहहरू।
- पशुजन्य पदार्थका एक वा सो भन्दा बढी खरिदकर्ताहरु ।
- सरकारी निकायहरु ।
- वित्तीय संस्थाहरु ।

### २. उत्पादनमूलक गठबन्धनबाट हुने लाभ

#### २.१ पशुजन्य पदार्थका उत्पादकलाई

- उप-आयोजना प्रस्ताव मूल्याङ्कनका आधारमा सरकारी निकायबाट पूरक अनुदान प्राप्त हुने ।
- उत्पादन वृद्धि गर्न प्राविधिक सहायता प्राप्त हुने ।
- उत्पादनको परिमाण र गुणस्तर वृद्धि गर्न सहयोग प्राप्त हुने।
- बजारमा उत्पादनको पहुँच सुनिश्चित हुने ।
- व्यवसायीहरु उद्यमी बन्न सहयोग पुग्ने ।
- व्यवसाय सञ्चालन गर्न बैङ्कबाट ऋण प्राप्त गर्न सहज हुने ।

#### २.२ पशुजन्य पदार्थका खरिदकर्तालाई

- बजारको माग अनुसार आवश्यक परिमाणका बस्तु, निर्धारित दरमा उत्पादकहरूबाट सजिलै प्राप्त हुने ।
- प्राप्त भएका पशुजन्य बस्तुहरु गुणस्तरीय हुने ।
- पशुजन्य बस्तुहरू उत्पादन र उपलब्ध हुने स्थान निश्चित हुने भएकोले ढुवानी तथा अन्य लागत घट्ने ।

#### २.३ बैंक तथा वित्तीय संस्थालाई

- लगानीको उपयुक्त वातावरण बन्ने ।
- लगानीमा जोखिम कम हुने ।
- प्राथमिकता प्राप्त पशुपालन क्षेत्रमा लगानी बढ्ने ।
- लगानी रकम असुली गर्न सहज हुने ।
- पशुपन्छी बीमा अनिवार्य गरिएकोले लगानी सुरक्षित रहने ।

#### २.४ सरकारी निकायलाई

- पूरक अनुदानको सदुपयोग हुने ।
- उप-आयोजनाहरू दिगोरूपमा सञ्चालन हुने ।
- स्थानीय स्तरमा रोजगारीका अवसरहरू सिर्जना हुने ।

### ३. गठबन्धन सम्झौताका किसिम

- उत्पादक-उत्पादकबीच हुने परस्पर लाभ सहितको मैत्रीपूर्ण समतल सम्झौता ।
- उत्पादक र खरिदकर्ताबीच हुने परस्पर लाभ सहितको मैत्रीपूर्ण ठाडो सम्झौता ।

### ४. आयोजनाका लक्षित उत्पादनमूलक गठबन्धन र मूल्य शृंखलाहरू

आयोजनाले उत्पादनमूलक गठबन्धनका आधारमा तयार पारिने निम्न मूल्य शृंखलाका उप-आयोजना सञ्चालनको लागि मात्र पूरक अनुदान सहयोग प्रदान गर्ने छ ।

४.१ दूध तथा दुग्धपदार्थ मूल्य शृंखला: उत्पादनकर्ता तथा प्रशोधनकर्ताले उत्पादक कृषकबाट दूध संकलन गरेर भण्डारण तथा प्रशोधन गरी बिक्री गर्ने उद्देश्य राखेका उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले तयार पारेका उप-आयोजनाहरु ।

४.३ च्याङ्ग्रा तथा पश्मिना मूल्य शृङ्खला: उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले तयार पारिएका उप-आयोजनाहरु ।

### ५. उत्पादक र खरिदकर्ता

#### ५.१ उत्पादक

- पशुबस्तु विशेषको उत्पादन शृंखलामा संगठितरूपमा आबद्ध भएका कृषक समूह, सहकारी संस्था र उत्पादक संघहरु ।
- उत्पादित पशु, पशुजन्य उत्पादन तथा पशु उत्पादन सामग्रीहरुको बिक्री सुनिश्चित भए प्रशोधनकर्ता समेत ।


#### ५.२ खरिदकर्ता

- पशु, पशुजन्य उत्पादन तथा पशु उत्पादन सामग्रीहरुको प्रशोधनकर्ता, मध्यस्थकर्ता, उपभोक्ता, वितरक, ढुवानीकर्ता, सरकारी निकाय, सङ्कलनकर्ता, खुद्रा तथा थोक खरिदकर्ता आदि ।

### ६. उत्पादनमूलक गठबन्धन र आयोजनाको अपेक्षा

- आयोजनाको पूरक अनुदानले उत्पादन, प्रशोधन, गुणस्तर अभिवृद्धि र बजारीकरण जस्ता क्रियाकलापमा आबद्ध मूल्य शृंखलाका सबै पात्रहरूको प्रतिस्पर्धी क्षमता अभिवृद्धि हुने र सेवा, बस्तु तथा लगानीको क्षेत्रमा सहकार्य वृद्धि गर्ने उपयुक्त वातावरण तयार हुने ।
- पशुजन्य व्यवसाय र मूल्य शृंखलामा आबद्ध पात्रहरूलाई आफ्नो क्षमता र उत्पादनको गुणस्तर अभिवृद्धि गर्न कति लगानी चाहिन्छ ? बजारमा आफूलाई स्थापित गराउन कस्तो सीपको आवश्यकता पर्दछ ? र, प्रारम्भिक उत्पादकहरूको उत्पादन कसरी बढी भन्दा बढी खरिद गर्न सकिन्छ ? भन्ने कुराको आंकलन गर्न सहयोग पुग्ने ।
- उत्पादन गरिने बस्तुहरूको गुणस्तर, खरिदकर्ता र बिक्री परिमाण तथा मूल्य आदि उप-आयोजनाको अवधारणा पत्र पेश गर्ने समयमा नै तय हुने ।
- उप-आयोजना कार्यान्वयन गर्न आवश्यक (क) उत्पादन लगानी, (ख) प्राविधिक सेवा (ग) व्यवसाय विकास सेवामा पहुँच बढ्ने ।

### उत्पादनमूलक गठबन्धनको नमूना






# आयोजनाका मुख्य-मुख्य उपलब्धीहरु

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाले आयोजनाका विभिन्न सम्भाग अन्तर्गत हालसम्म हासिल गरेका केही मुख्य उपलब्धिहरु यस प्रकार रहेका छन:

| | विवरण | इकाई | हालसम्मको प्रगति | कैफियत |
|---|---|---|---|---|
| १. | **सम्भाग क : संस्थागत सुदृढीकरण तथा आवश्यक नियामक क्षमता सबलीकरण** | | | |
| १.१ | नया नीति तथा रणनीतिहरु निर्माण (पशु प्रजनन, पशु पोषण, सूचना तथा सञ्चार र पशु पहिचान) | संख्या | ५ | |
| १.२ | नया कानून मस्यौदा तयारी (संक्रामक रोग) | संख्या | १ | |
| १.३ | मार्गचित्र तयारी (खोरेत र पी.पी.आर.) | संख्या | २ | |
| १.५ | क्षमता अभिवृद्धि आवश्यकता पहिचान अध्ययन | पटक | १ | |
| २. | **सम्भाग ख : पशु सेवा क्षेत्रमा नवीनता प्रबर्द्धन तथा सेवा प्रवाहको आधुनिकीकरण** | | | |
| २.१ | प्रयोगशाला सुदृढीकरणमा उपकरणहरुको सहयोग | प्रयोगशाला | २ | |
| २.२ | खोरेत र पी.पी.आर. खोप कार्यक्रममा सहयोग | संख्या | १५३९३००० | |
| २.३ | म्यानुअल, कार्य सञ्चालन प्रक्रिया आदि तयारी | प्रयोगशाला | १ | |
| २.४ | कर्मचारीको क्षमता अभिवृद्धि (तालिम)पटक/सहभागी | ४७/१२८४ | | |
| २.५ | लाभग्राहीको क्षमता अभिवृद्धि (तालिम)पटक/सहभागी | २३/१००४ | | |
| २.६ | कृषक पाठशाला सञ्चालन | संख्या | १३५ | |
| २.७ | उत्पादक संस्था (समूह तथा सहकारी) गठन तथा परिचालन | संख्या | ६५४ | |
| २.८ | कृत्रिम गर्भाधान सामग्री | - | विभिन्न | खरिद र वितरण |
| २.९ | पूर्वाधार निर्माण (मुख्य-मुख्य मात्र) | | | |
| २.९.१ | पशु सेवा केन्द्र भवन | संख्या | १४ | |
| २.९.२ | पशु हाट बजार | संख्या | २ | हाल निर्माणको विभिन्न चरणमा |
| २.९.३ | तालिम केन्द्र भवन | संख्या | ३ | |
| २.९.४ | घाँसको बिउ प्रशोधन केन्द्र | संख्या | १ | |
| २.९.५ | फार्म पूर्वाधार फार्म | २ | | |
| २.९.६ | **भेटेरिनरी काउन्सिल भवन** | **संख्या** | १ | |
| २.९.७ | बुल मदर शेड | संख्या | १ | |
| ३. | छानिएका पशुजन्य उत्पादनहरुको समावेशी मूल्य शृंखला विकास | | | |
| ३.१ | उप-आयोजना अवधारणा पत्र मूल्याङ्कन | संख्या | ८०२ | |

1 असल अभ्यास /प्रविधि

## स्वच्छ दूध उत्पादन गर्न पालन गर्नुपर्ने असल अभ्यासहरु

दूध बालबालिकादेखि बृद्ध बृद्धासम्म सबैको लागि अत्यन्त महत्वपूर्ण पोषिलो आहारा हो । मानव शरीरलाई चाहिने लगभग सम्पूर्ण पौष्टिक तत्वहरु पाइने भएकोले दूधलाई पूर्ण संतुलित आहाराको रुपमा सेवन गर्ने प्रचलन धेरै पहिलेदेखि चल्दै आएको छ । तर, दूधबाट कतिपय रोगहरु पनि सर्नसक्ने भएकोले दूध सेवनबाट अधिकतम पोषण प्राप्त गर्न दूध स्वच्छ हुनु नितान्त आवश्यक हुन्छ, जसको लागि दूध दुहदा र परिचालन गर्दा निम्नानुसारका महत्वपूर्ण अभ्यासहरु पालन गरिनुपर्छ :

**क. दूध दिने गाई, भैंसी स्वथ्य र सफा राख्ने**

१. गाई/भैंसीका कतिपय रोगहरु मानिसमा समेत सर्ने र ती रोगका जीवाणु तथा वीषाणुहरु मानिसमा सार्ने मुख्य माध्यम दूध हुने भएकोले स्वस्थ र निरोगी पशुहरुबाट मात्रै दूध उत्पादन गर्नुपर्छ ।

२. पशुहरुको जिउमा टासिएको माटो, गोबर वा अन्य फोहोर राम्रोसाग सफा गरेर मात्रै दूध दुहने गर्नुपर्छ ।

३. दूध दुहनु अघि कल्चौडो र थुनहरु राम्रो गरी पानीले सफा गर्नुपर्छ र नरम र सफा कपडाले पोछेर सुख्खा बनाएर मात्र दूध दुहनु पर्छ ।

**ख. गाई/भैंसीको गोठ सफा, सुख्खा र दूध दुहने वातावरण स्वच्छ राख्ने**

१. गाई/भैंसीको गोठ सधै सफा र सकेसम्म सुख्खा हुनुपर्छ ।

२. गोठ खुला, हावा खेल्ने र घाम लाग्ने गरी बनाउनु पर्छ ।

३. गोठमा दाना, पराल तथा दूधलाई दूषित बनाउन सक्ने पुराना बोरा, कपडा, बाल्टिन, भाडाहरू आदि राख्नु हुदैन ।

**ग. दूध दुहन र भण्डारण गर्न स्टिलका सफा भाँडा प्रयोग गर्ने**

१. राम्रोसँग सफा गर्न सकिने ठूलो मुख भएका स्टीलका भाडामा दूध दुहने र भण्डारण गर्ने गरिनु पर्छ ।

२. "फुड ग्रेड" प्लास्टिकका भाँडाहरू डेरी उध्योगमा प्रयोग गरिने भए पनि सफा गर्दा सतह कोरिएर त्यहा रोगका जीवाणुहरु बस्ने र राम्रोसँग सफा पनि नहुने भएकोले प्लास्टिकको भाँडामा दूध दुहन वा भण्डारण गर्न हुदैन ।



३. दूध दहुने, ढुवानी गर्ने वा भण्डारण गर्ने भाँडा सफा गरेर घोप्टो पारेर घाममा सुकाई सुख्खा पारेर राख्नुपर्छ ।




### घ. थुनेलो रोग रोकथाम गर्ने

१. दूध दुहुने व्यक्तिले नङ् काट्नु पर्छ र दूध दुहुनु पहिले सफासँग हात धुनुपर्छ ।

२. दूध दहुने क्रममा खुलेको थुनको मुख झन्डै एक घण्टा खुला रहने र त्यसबाट संक्रामक जीवाणुहरु प्रवेश गरेर कल्चौंडोमा पुगी थुनेलो हुने भएकोले दूध दुहेपछि हुने जीवाणुको प्रवेश रोक्नु पर्छ ।

३. थुनेलो रोक्न दूध दुहेपछि प्रत्येक थुनलाई औषधीको झोलमा चोपेर जीवाणुहरु मार्न वा थुनको मुखमा भ्यासलिन लगाएर मुख बन्द (सिल) गर्ने गर्नुपर्छ ।

### ङ. स्वस्थ र सफा व्यक्तिले दूध दुहुने

१. दूध दुहने व्यक्ति स्वस्थ र सफा हुनुपर्छ र टाउको, घाँटी र हातमा घाउ हुनुहुँदैन ।

२. दूध दुहुने समयमा सफा कपडा लगाउनु पर्छ ।

३. दूध दुहने व्यक्तिले "हेड कवर" (टाउको छोप्ने) को प्रयोग गरेर दूधमा रौं मिसिन रोक्नु पर्छ ।

४. दूध दुहुदा खोक्ने, हाच्छिउ गर्ने, जिउ चिलाउने, नाक कोट्याउने, खैनी वा चुरोट सेवन गर्ने गर्नु हुदैन ।

### च. चिसोमा राख्ने र छिटो चिस्यान केन्द्रमा पुऱ्याउने

१. थुनबाट निकालेपछि दूधलाई सकेसम्म चिसोमा राख्नुपर्छ ।

२. दूध दुहेको दुई घण्टा भित्र चिस्यान केन्द्रमा पुऱ्याउनु पर्छ ।

प्रस्तुति : डा. नर बहादुर रजवार, सूचना, शिक्षा र संचार विज्ञ

2 असल अभ्यास /प्रविधि

# जै घाँस खेती : पशु आहारा आपूर्तिको उपयुक्त उपाय





### प्रचलित जातहरु

एसियाबाट उत्पत्ति भएको मानिएको जै चिसो र ओसिलो ठाउँमा राम्रोसँग फस्टाउछ र नेपालमा हिमालदेखि तराईसम्म खेती गर्न सकिन्छ । जै घाँस उग्राउने पशुबस्तुको लागि राम्रो हिउँदे घाँस हो । उग्राउने पशुलाई हरियो वा सुकाएको दुई भाग जै र बर्सिम वा भेच जस्ता अन्य कोसे घाँस एक भाग मिसाएर दिदा दूध तथा मासु उत्पादन राम्रो हुन्छ । पानी नजम्ने माटोमा जै राम्रोसँग फस्टाउछ ।

नेपालमा कृषि अनुसन्धान परिषदले पसिफारिस गरेका जैका जातहरु तलको तालिकामा दिइएको छ । ती सबै प्रजातिका आ-आफनै विशेषता छन ।

| सि. नं. | प्रजाति वर्ष | सिफारिस दिन | पाक्ने क्षमता | बिउ उत्पादन उत्पादन (टन/हेक्टर) | हरियो घाँस क्षेत्र क्षमता (टनरहे) | सिफारिस |
|---|---|---|---|---|---|---|
| १ | कामधेनु | २०६१ | २०६ | १.५-३.३ | ५१-७५ | तराई र मध्यपहाड |
| २ | नेत्र | २०६१ | १९७ | १.०-१.८ | ३२-९० | तराई र मध्यपहाड |
| ३ | गणेस | २०६९ | २१७ | २.०-२.५ | ४८-५० | तराईदेखि मध्यपहाड |
| ४ | पार्वती | २०६९ | २०७ | १.५-२.० | ६१-७० | तराईदेखि उच्चपहाड |
| ५ | अमृतधारा | २०७२ | १८५ | १.५-१.८ | ५५-५७ | तराई र मध्यपहाड |
| ६ | नन्दिनी | २०७२ | १५२ | १.६-२.३ | ५०-५७ | तराई र भित्री मधेस |
| ७ | स्वान (पन्जिकरण मात्र) | २०७३ | १८५ | १.६-२.३ | ४०-५० | तराई, मध्य र उच्च पहाड |

स्रोतः http://narc.gov.np/wp-content/uploads/2018/01/Reco-Var.Eng-updated.pdf

### जमिनको तयारी र छर्ने तरिका

गहु छरे जस्तै एक पटक राम्रोसँग जमिन जोतेर डल्ला फुटाएर मसिनो माटो बनाई ३-४ दिन खेतलाई सुक्न दिने र त्यसपछि हल्का जोतेर बिउ छरिसकेपछि हल्का लिङ्को लगाएर बिउलाई पुरिदिनु पर्छ । २०-२५ से.मि. को फरकको लाईनमा बिउ छर्दा घाँस तथा बिउ उत्पादन राम्रो हुन्छ ।

### बिउको दर

जै घाँसको बिउ १०० के.जी. प्रति हेक्टर अथवा २० के. जी. प्रति रोपनीका दरले छर्नुपर्छ ।

### बिउ छर्ने समय

कार्तिकको सुरुदेखि मंसिरको पहिलो हप्तासम्म बिउ छरेमा सिंचाई सुविधा भएको ठाँउमा २ पटक घाँस काटेर पनि बिउ उत्पादन लिन सकिन्छ ।

### मलखाद

जै घाँसको राम्रो उत्पादन लिन निम्नानुसार मलखादको प्रयोग गर्नु राम्रो हुन्छः

❖ **गोवर मलः** जोत्नु भन्दा पहिले प्रति रोपनी १५-१६ डोकोका दरले गोवर मल छर्ने र जोत्ने ।

❖ **रासायनिक मलः** नाईट्रोजन (N) ४ के.जी. प्रति रोपनी (३ के.जी. बिउ छर्नुभन्दा पहिले र आधा-आधा के.जी.पहिलो पटक घाँस काट्दा र दोस्रो पटक घाँस काट्दा छरेर सिंचाई गर्ने ।

❖ **फस्फोरसः** २ के.जी. प्रति रोपनीका दरले बिउ छर्नुभन्दा पहिले छर्ने ।

### सिंचाई

जैलाई गहुलाई भन्दा अलि बढी सिंचाई चाहिन्छ । जमिन सुख्खा छ भने बिउ छरेपछि पहिलो पटक र प्रत्येक पटक घाँस काटेपछि यूरिया मल हालेर सिंचाई गर्नु राम्रो हुन्छ ।

### जै र कोसे घाँस मिश्रित खेती

जै र वर्सिम, भेच, केराउ आदि कुनै एक अर्को कोसे घाँस अलग अलग पङ्तिमा मिश्रित रुपमा लगाउदा हरियो घाँसको उत्पादन बढ्ने र माटोको उर्वरा शक्ति पनि सुधार हुने दोहोरो फाइदा हुने देखिएको छ ।

### उत्पादन

चिस्यान र मलखाद राम्रोसाग पुगेको छ भने बिउ छरेको ४५ दिनपछि पहिलो पटक र त्यसपछि प्रत्येक १५/१५ दिनको फरकमा घाँस काट्न सकिन्छ । घाँस काट्दा जमिन बाट डेढ ईन्च छोडेर काटनु पर्छ, फेदैमा



काटदा बोट अर्को पटकमा राम्रोसँग पलाउन सक्दैन। बिउ उत्पादन गर्ने हो भने पहिलो पटक घाँस काटेर छोड्दा बिउ उत्पादन राम्रो हुन्छ। जै खेतीबाट प्रति रोपनी २००० देखि २५०० के.जी. हरियो घाँस र १० देखि २० के.जी. बिउ लिन सकिन्छ।

**घाँस खुवाउने तरिका र भण्डारण**

जै घाँसलाई चारा मेशिन (च्याफकटर) ले काटेर दुई भाग जै र एक भाग कोसे बाली गरी वा एक भाग हरियो घाँस र काटेको पराल दुई भाग गरी ५०० के.जी. तौल हुने गाईभैंसीलाई १५ के.जी. सुख्खा पदार्थका दरले खुवाउनु पर्छ। उन्नत जातका गाईभैंसीलाई हरियो भन्दा सुकाएर हे बनाएर खुवाउनु अझ राम्रो हुन्छ। हे बनाउन हरियो जै घाँसलाई काटेर पातलो पाँजा बनाई २/३ दिनसम्म राम्रोसंग खेतमा सुकाई टहरामा भण्डारण गर्न सकिन्छ।

प्रस्तुति : नेत्र प्रसाद वस्ती, आहारा तथा चरन विशेषज्ञ

# पशुजन्य उत्पादनहरूको समावेशी मूल्य शृंखला विकास : हालसम्मको उपलब्धि

## १. पूरक अनुदान प्रवाह व्यवस्था

आयोजनाले सम्भाग "ग" छानिएका पशुजन्य उत्पादनहरुको समावेशी मूल्य शृंखला विकास अन्तर्गत उत्पादनकर्ता र खरिदकर्ताबीचको उत्पादनमूलक गठबन्धन (Productive Alliance) का माध्यमबाट तयार पारिएका उप-आयोजना प्रस्तावहरूलाई आयोजनाको निर्धारित मापदण्ड अनुसार मूल्याङ्कन गरी करिब ५०० वटा उत्कृष्ट उप-आयोजना प्रस्तावहरुलाई प्रतिस्पर्धाका आधारमा लगानीको ५०% वा अधिकतम रु. १ करोडसम्म पूरक अनुदान उपलब्ध गराउने लक्ष लिएको छ। यसरी पूरक अनुदान प्राप्त गर्न चाहने आवेदक संस्थाहरूले उप-आयोजनाको कूल लगानीको न्यूनतम ५०% आफ्नै स्रोतबाट वा वित्तीय संस्थाको ऋण सहयोगबाट जुटाउनु अनिवार्य हुने छ।

## २. अनुदान प्रस्ताव गर्न योग्य आवेदक संस्थाहरू

आयोजनाबाट उपलब्ध गराइने उप-आयोजना सञ्चालन पूरक अनुदान सहयोगका लागि तल तालिकामा प्रस्तुत तीन प्रकारका आवेदक संस्थाहरू योग्य हुनेछन्:

| आवेदक संस्था | दर्ता भएको निकाय |
|---|---|
| कृषक समूह | साविकको जिल्ला पशु सेवा कार्यालय मार्फत गठन भई हाल क्रियाशील रहेका वा स्थानीय तहमा नियमानुसार दर्ता भएका। |
| उत्पादक संघहरू | संघसंस्था दर्ता ऐन अन्तर्गत जिल्ला प्रशासन कार्यालयमा वा प्रचलित कानूनबमोजिम दर्ता भएका। |
| सहकारी संस्थाहरू | सहकारी ऐन २०७४ वा प्रचलित कानून बमोजिम दर्ता भएका। |

## ३. अनुदान प्रयोजनका लागि निर्धारित उप-आयोजना सङ्ख्या

आयोजनाबाट प्रदान गरिने पूरक अनुदानको लागि मूल्य शृंखला र विकेन्द्रीकृत सहयोग इकाईहरुको लागि निर्धारित उप-आयोजनाहरुको संख्या तलको तालिका अनुसार हुनेछ।

| सि.नं. | मूल्य शृङ्खला | उप-आयोजना | जिल्ला |
|---|---|---|---|
| १. | दूध तथा दुग्ध पदार्थ | २२५ | २६ जिल्ला |
| २. | मासु तथा मासुजन्य पदार्थ | २२५ | २६ जिल्ला |
| ३. | च्याङ्ग्रा पश्मिना | ५० | २ जिल्ला (मुस्ताङ्ग र मनाङ्ग) |
| कूल जम्मा | | ५०० | २८ जिल्ला |

## ४. उप-आयोजना अवधारणा पत्र

आयोजना व्यवस्थापन कार्यालयले सार्वजनिक सूचना मार्फत उप-आयोजना अवधारणा पत्र पेश गर्न आह्वान गरेपछि तोकिएको म्यादभित्र इच्छुक आवेदक संस्थाहरूले उप-आयोजना अवधारणा पत्र सम्बन्धित विकेन्द्रीकृत आयोजना सहयोग इकाई वा प्रदेश सरकारको पशु सेवा हेर्ने जिल्ला स्थित कार्यालयमा पेश गर्नु पर्ने।

## ५. उप-आयोजना पूर्ण प्रस्ताव

उप-आयोजना अवधारणा पत्रको मूल्याङ्कन (स्थलगत परीक्षण समेत) पश्चात योग्य पाइएका प्रस्तावकहरुलाई सम्बन्धित विकेन्द्रीकृत सहयोग इकाईबाट पूर्ण प्रस्ताव पेश गर्न आमन्त्रण गरिने र सो अनुसार प्रस्तावकले आफ्नो उप-आयोजना पूर्ण प्रस्ताव आयोजनाले तोकेको ढाँचामा तयार गरी तोकिएको समयावधि र शर्तहरु भित्र रही पेश गर्नुपर्ने।

## ६. उप-आयोजना पूर्ण प्रस्ताव मूल्याङ्कन व्यवस्था

**क)** उप-आयोजना पूर्ण प्रस्तावको प्राविधिक पक्षको मूल्याङ्कन आयोजनाद्वारा गरिने छ भने वित्तीय पक्षको मूल्याङ्कन आवेदकले ऋण सहयोग माग गरेको बैंक वा वित्तीय संस्थाद्वारा गरिने छ।

**ख)** उप-आयोजना पूर्ण प्रस्तावको मूल्याङ्कन सो प्रस्तावमा माग गरिएको पूरक अनुदान रकमको आधारमा सम्बन्धित विकेन्द्रीकृत आयोजना सहयोग इकाई वा आयोजना व्यवस्थापन कार्यालयमा गरी दुई तहमा गरिने छ।

**ग)** पूरक अनुदान रु. ३५ लाख भन्दा कम माग गरिएका उप-आयोजना पूर्ण प्रस्तावहरु विकेन्द्रीकृत आयोजना सहयोग इकाई तहमा मूल्याङ्कन गरिने छ भने रु. ३५ लाख भन्दा बढी अनुदान रकम माग गरिएका उप-आयोजना पूर्ण प्रस्तावहरु आयोजना व्यवस्थापन कार्यालय तहमा मूल्याङ्कन गरिने छ।


**घ)** विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालयहरुले आ-आफ्नो कार्यक्षेत्र भित्रबाट प्राप्त उप-आयोजना पूर्ण प्रस्तावहरु मध्ये रु. ३५ लाख भन्दा बढी पूरक अनुदान माग गरिएका उप-आयोजना पूर्ण प्रस्तावहरुलाई मूल्याङ्कनको लागि आयोजना व्यवस्थापन कार्यालयमा पठाउने छन र रु. ३५ लाख भन्दा कम पूरक अनुदान माग गरिएका उप-आयोजना पूर्ण प्रस्तावहरुलाई मूल्याङ्कन गर्ने/गराउने छन।

**ङ)** प्राप्त भएका उप-आयोजना पूर्ण प्रस्तावहरुको मूल्याङ्कन आयोजना व्यवस्थापन कार्यालय र विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालयहरुमा सार्वजनिक खरिद ऐन बमोजिम गठन भएका मूल्याङ्कन समितिले गर्ने/गराउने छन।

**च)** कृषि व्यवसाय विज्ञ र सम्बन्धित मूल्य शृंखला विज्ञ बाहेक वातावरण तथा सामाजिक सुरक्षा विज्ञहरुले पनि उप-आयोजना पूर्ण प्रस्तावको मूल्याङ्कन गर्नेछन।



## पूरक अनुदान प्रवाह प्रक्रिया




छ) उप-आयोजना पूर्ण प्रस्तावको मूल्याङ्कन तालिका-१ को आधारमा गरिने छ।

**तालिका १: उप-आयोजना पूर्ण प्रस्तावको मूल्यांकनका आधारहरु**

| क्र.सं. | सूचक | अधिकतम अंक भार |
|---|---|---|
| १. | व्यवसाय सञ्चालन क्षमता (आवेदकले प्रदान गरेका जानकारी पेश गरेका कागजपत्रको आधारमा आकलन गर्ने) | १५ |
| २. | उत्पादनमूलक गठबन्धन (गठबन्धनमा सहभागी पात्रहरुको संख्या, खरिदकर्ताको क्षमता तथा कार्यक्षेत्र आदि) | १५ |
| ३. | व्यवसायका नवीनतम विशेषताहरु (प्रस्तावित प्रविधिहरुको प्रयोग, विद्यमान बाधा तथा चुनौतीहरुलाई समाधान गर्ने योजना र व्यावसायिक सामाजिक उत्तरदायित्व निर्वाह गर्ने सोचका नवीनताहरु) | १५ |
| ४. | उप-आयोजनाका आर्थिक, व्यवस्थापकीय तथा प्राविधिक पक्षहरु | १५ |
| ५. | वातावरणीय पक्ष | ५ |
| ६. | सामाजिक समावेशीकरण | ५ |
| ७. | उप-आयोजनाबाट प्रत्यक्ष र अप्रत्यक्ष लाभ पाउने लाभग्राहीको संख्या (लगानीकर्ता, व्यवस्थापक, कामदार र व्यवसायलाई सामाग्री आपूर्ति गर्ने र व्यवसायबाट उत्पादन खरिद गरी थप प्रशोधन गर्ने वा बिक्री वितरण गर्ने समेत) | १० |
| ८. | आयोजनाले प्रवर्द्धण गरेका जलवायु मैत्री प्रविधिहरुको प्रयोग (बधुवा पशुपालन, हिउदे तथा बर्षे घास खेती, सुधारिएको गोठ, मलमूत्रको उचित व्यवस्थापन, हे साइलेजको प्रयोग, र डाले घाासको संरक्षण तथा उपयोग) | १० |
| ९. | लागत साझेदारी (उप-आयोजनाको कूल लगानी र आवेदकको प्रस्तावित लगानीको हिस्सा) | १० |
| | जम्मा | १०० |

## ७. हालसम्मको उपलब्धी

आयोजनाले सम्भाग "ग" अन्तर्गत आ.व. २०७७/७८ को प्रथम चौमासिक अवधिसम्म हासिल गरेको उपलब्धी निम्नानुसार रहेको छ:

### ७.१ उप-आयोजना अवधारणा पत्र आह्वान

आयोजनाले २०७७ जेष्ठ २८ मा सार्वजनिक सूचना प्रकाशन गरी अनुदान प्रकियामा सहभागी हुन इच्छुक कृषक समूह तथा सहकारी र २०७७ आषाढ १६ मा दोस्रो सूचना प्रकाशन गरी कृषक समूह तथा सहकारीका संघसंस्थाहरुबाट उप-आयोजना अवधारणा पत्र माग गऱ्यो।

### ७.२ प्राप्त उप-आयोजना अवधारणा पत्रहरु


आयोजनाबाट गरिएको आह्वानको प्रत्युत्तरमा आयोजना लागू भएका २८ जिल्लाका कृषक समूह, सहकारी संस्था र कृषकका समूह तथा सहकारी आबद्ध संघसंस्थाहरुबाट प्राप्त भएका उप-आयोजना अवधारणा पत्रहरुको विकेन्द्रीकृत आयोजना सहयोग इकाई, आवेदक संस्था र मूल्य शृंखला अनुसारको विवरण तालिका-२ मा प्रस्तुत गरिएको छ।

**तालिका-२: उप-आयोजना अवधारणा पत्रहरुको विवरण**

| क्र. सं. | DLSU | मूल्य श्रृंखला र आवेदक संस्था | | | | | | | | | | | | जम्मा अवधारणा पत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दूध | | | | खसीबोकाको मासु | | | | च्याङ्ग्रा पश्मिना | | | | |
| | | समुह | सहकारी | संघ | जम्मा | समुह | सहकारी | संघ | जम्मा | समुह | सहकारी | संघ | जम्मा | |
| १ | विराटनगर | २४ | ७२ | ४ | १०० | ६१ | ३८ | | ९९ | | | | ० | १९९ |
| २ | हेटौडा | ५६ | ७७ | २ | १३५ | ७० | ३१ | १ | १०२ | | | | ० | २३७ |
| ३ | पोखरा | ४५ | ३२ | २ | ७९ | ९० | २३ | | ११३ | ३६ | | २ | ३८ | २३० |
| ४ | बुटवल | १४ | ५० | | ६४ | २९ | ४२ | | ७२ | | | | ० | १३६ |
| | **जम्मा** | १३९ | २३१ | ८ | ३७८ | २५० | १३५ | १ | ३८६ | ३६ | ० | २ | ३८ | ८०२ |

### ७.३ उप-आयोजना अवधारणा पत्रको मूल्याङ्कन

आयोजनाका चार वटै विकेन्द्रीकृत आयोजना सहयोग इकाईहरुले प्राप्त उप-आयोजना अवधारणा पत्रहरुको मूल्याङ्कन २०७७ कार्तिक भित्र सक्ने लक्ष सहित आयोजनाको स्वीकृत उप-आयोजना अवधारणा पत्र तयारी तथा प्रमाणीकरण विधि बमोजिम गरिरहेका छन।



# आयोजनाको गतिविधि

## आयोजना निर्देशन समितिको पाँचौ बैठक

आयोजना निर्देशन समितिको पाचौ बैठक समितिका अध्यक्ष एवं कृषि तथा पशुपन्छी विकास मन्त्रालयका श्रीमान सचिवज्यू श्री प्रकाश माथेमाको अध्यक्षता मिति २०७७ असोज १९ मा सम्पन्न भएको छ । आयोजनाको सर्वोच्च निकाय समेत रहेको निर्देशन समितिको यो बैठकमा आयोजनाको सम्भाग "ग" छानिएका पशुजन्य उत्पादनहरुको समावेशी मूल्य शृंखला विकास अन्तर्गत उप-आयोजना अवधारणा पत्र छनौट भएका आवेदक उत्पादक संस्था (कृषक समूह, सहकारी संस्था आदि) हरुबाट पूरक अनुदान प्रस्ताव गरी प्राप्त हुने उप-आयोजना पूर्ण प्रस्तावहरु मूल्याङ्कन गर्न तयार पारिएको उप-आयोजना पूर्ण प्रस्ताव तयारी, प्रस्तावन तथा मुल्यांकन विधि प्रस्तुत भई छलफल गरिएको थियो । सो बैठकका सहभागीहरुले आयोजनाद्वारा तयार पारी प्रस्तुत गरिएको सो विधिमा सुधार गर्न सुझावहरु दिनुभएको थियो भने बैठकले प्राप्त सुझाउहरु समावेश गरी परिमार्जित मस्यौदा विधिलाई स्वीकृतिको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पेस गर्ने निर्देशन समेत दिएको थियो ।



उपरोक्त विषयको साथ बैठकमा आयोजना कार्यान्वयनको वर्तमान अवस्थाको समीक्षा गर्दै आयोजनाले तयार पारेको आयोजना पुनःसंरचना प्रस्ताव सम्बन्धमा पनि छलफल गरिएको थियो । बैठकमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिवहरु, राष्ट्रिय योजना आयोगका सहसचिव, सहकारी विभागका रजिस्ट्रार, पशुसेवा विभागका महानिर्देशक, आयोजना निर्देशक लगाएत मन्त्रालय र आयोजनाका अन्य सम्बन्धित पदाधिकारी तथा आयोजनाका परामर्शदाताहरुको उपस्थिति थियो ।

## प्राविधिक समन्वय समितिका बैठकहरु सम्पन्न

आयोजना कार्यान्वयनको प्राविधिक पक्षमा सहयोग पुर्‍याउने र सबै तहमा विभिन्न सरोकारवालाहरुबीच प्रभावकारी समन्वय गराउने उद्देश्यले आयोजनामा केन्द्रमा पशु सेवा विभागका महानिर्देशकको अध्यक्षतामा र प्रदेशमा कृषि, सहकारी तथा भूमि व्यवस्था मन्त्रालयका सचिवको अध्यक्षतामा केन्द्रीय र प्रादेशिक प्राविधिक समन्वय समितिहरुको व्यवस्था गरिएको छ । केन्द्र तथा प्रदेशस्तरीय यी समन्वय समितिहरुको बैठक आवश्यकता अनुसार बस्ने गरेका छन् भने सहभागीहरुलाई पनि आवश्यकता अनुसार आमन्त्रण गर्ने गरिएको छ । केन्द्र तथा प्रदेशस्तरीय यी प्राविधिक समन्वय समितिका बैठकले आयोजना व्यवस्थापन कार्यालय तथा विकेन्द्रीकृत आयोजना सहयोग इकाईहरुमा कार्यक्रम सञ्चालन गर्न तत्काल निर्णय गर्नुपर्ने विषयहरुमा मार्गदर्शन गर्ने गरेका छन् ।

आ.व. २०७७/०७८ को प्रथम चौमासिक अवधिमा केन्द्रीय प्राविधिक समन्वय समितिका पाँच र प्रदेश समन्वय समितिका बैठकहरु आवश्यकता अनुसार सम्पन्न भएका छन । यी समन्वय समितिहरु क्रियाशील हुदा आयोजना कार्यान्वयन सहज र थप प्रभावकारी भएको र आयोजनाप्रति सरोकारवालाहरुको अपनत्वमा वृद्धि भएको पाइएको छ ।

## उप-आयोजना पूर्ण प्रस्ताव लेखन तालिम प्रारम्भ

पूरक अनुदान प्रस्ताव गरी आयोजनामा प्राप्त भएका उप-आयोजना अवधारणा पत्र मूल्याङ्कन पश्चात अवधारणा पत्र छनौट भएका सबै आवेदक कृषक समूह तथा सहकारी संस्थाहरुलाई उप-आयोजना पूर्ण प्रस्ताव लेखन तालिम प्रदान गर्ने लक्ष आयोजनाले लिएको छ । विगतमा सञ्चालित समान प्रकृतिका आयोजनाहरुमा आवेदकहरुले उप-आयोजना प्रस्ताव तयार पार्न बाह्य व्यक्ति वा संस्थाको सहयोग लिनुपरेको र त्यसको लागि ठूलो समय तथा रकम लगानी गर्नुपरेको गुनासो प्राप्त भएको सन्दर्भमा आवेदकहरुलाई आफ्नो उप-आयोजना प्रस्ताव आफै तयार पार्न सक्षम बनाउन आवश्यक देखिएको हो । यसै सिलसिलामा २०७७ कार्तिक २५ देखि २७ गतेसम्म आयोजना व्यवस्थापन कार्यालय, हरिहरभवन, ललितपुरमा विकेन्द्रीकृत आयोजना सहयोग इकाई, हेटौंडाको आयोजनामा खसीबोकाको मासु तथा दुध मूल्यशृंखलामा उप-आयोजना अवधारणा पत्र पेस गरी पूरक अनुदान प्रस्ताव गर्ने काठमाडौं जिल्लाका १४ वटा समूह तथा सहकारी संस्थाका प्रतिनिधिहरुको लागि उप-आयोजना पूर्ण प्रस्ताव लेखन तालिम सम्पन्न गरिएको छ । उक्त तालिम सञ्चालन गर्न व्यावसायिक सेवा प्रदायक संस्था नेपाल एग्रिबिजनेस इनोभेसन सेन्टरको प्राविधिक सहयोग रहेको थियो भने तालिममा आयोजनाको प्राविधिक सेवा प्रदायक संस्थाको समेत महत्वपूर्ण सहयोग रहेको थियो ।

आयोजना निर्देशक डा. डिल्लीराम सेडाईको अध्यक्षतामा सम्पन्न भएको पूर्ण प्रस्ताव लेखन तालिमको उद्घाटन शत्रको प्रमुख अतिथि, पशु सेवा विभागका महानिर्देशक डा. वंशी शर्मा हुनुहुन्थ्यो भने सहभागीहरुको स्वागत विकेन्द्रीकृत आयोजना सहयोग इकाई, हेटौंडाका प्रमुख डा. विदुर गौतमले गर्नु भएको थियो ।



आयोजनामा पूरक अनुदान प्रस्ताव गरी उप-आयोजना अवधारणा पत्र पेस गर्ने सबै आवेदकलाई प्रदान गर्ने लक्ष राखिएको पूर्ण प्रस्ताव लेखन तालिमको यो प्रथम तालिम कार्यक्रममा काठमाण्डौं जिल्लाका १४ वटा आवेदक संस्थाका ८ महिला र ६ पुरुष गरी १४ जना प्रतिनिधिहरु सहभागीहरु थिए । तालिममा सहभागीहरुलाई आयोजनाले तयार पारेको उप-आयोजना पूर्ण प्रस्ताव ढाँचामा केन्द्रीत रहेर उप-आयोजनाको प्राविधिक तथा वित्तीय प्रस्ताव तयार पार्ने अभ्यास गराईएको थियो भने उप-आयोजनाका सैद्धान्तिक पक्ष बारे पनि जानकारी प्रदान गरिएको थियो ।

सो तालिमको समापन शत्र आयोजना निर्देशक डा. डिल्लीराम सेडाईज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो जसमा मन्तव्य राख्दै तालिमका सहभागीहरुले तालिमले आफूलाई पूर्ण प्रस्ताव तयार पार्दा ध्यान दिनुपर्ने कुराहरु बारे स्पष्ट बनाएको र आगामी दिनमा आफ्नो व्यवसाय योजना आफै लेख्न सक्ने क्षमताको विकास गराएको विचार राख्दै तालिमको अवधि बढाउनु पर्ने सुझाव व्यक्त गरेका थिए । समापन शत्रमा सहभागीहरुलाई तालिममा सहभागीताको प्रमाण पत्र समेत प्रदान गरिएको थियो । स्मरण रहोस् आयोजनाले यो तालिम पूरक अनुदान प्रस्ताव गरी उप-आयोजना अवधारणा पत्र पेस गर्ने सबै आवेदकलाई प्रदान गर्ने छ ।



## बैंक तथा वित्तीय संस्थाहरुसँग अन्तरक्रिया

आयोजनाबाट पूरक अनुदान प्राप्त गरी उपआयोजना सञ्चालन गर्न उपआयोजनाको कूल लगानीको ३०% बैंक तथा वित्तीय संस्थाबाट ऋण लिनुपर्ने अनिवार्य व्यवस्था आयोजनामा गरिएको छ । यस सन्दर्भमा उपआयोजना प्रस्ताव गर्ने आवेदक संस्थालाई ऋण माग गर्ने कार्यमा सहजीकरण गर्न नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना, विकेन्द्रीकृत आयोजना सहयोग इकाई पोखराले गण्डकी प्रदेश स्थित बैंक तथा वित्तीय संस्थाहरुसाग तीन वटा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको छ । यी कार्यक्रमहरुमा DLSU, पोखराका प्रमुख डा. रेशमराज ज्ञवाली तथा अन्य पदाधिकारीहरुले आयोजनाको परिचय र अनुदान प्रवाह विधि बारे जानकारी दिनु भएको थियो र कार्यक्रमका सहभागीहरुका जिज्ञासाको जवाफ दिनु भएको थियो ।

पहिलो अन्तरक्रिया कार्यक्रम असोज २० गते पोखरामा, दोस्रो अन्तरक्रिया कार्यक्रम असोज २३ गते बेनीमा र तेस्रो अन्तरक्रिया कार्यक्रम असोज ३० गते दमौली, तनुहँमा आयोजना गरिएको थियो जसमा ती जिल्लाहरुमा कार्यरत क्रमशः छ र सात-सात वटा बैंक तथा वित्तीय संस्थाहरुको प्रतिनिधित्व रहेको थियो । छलफलको क्रममा बैंक तथा वित्तीय संस्थाहरु आयोजनासाग सहकार्य गर्न र कृषक समूह तथा सहकारीका उप-आयोजनाहरुमा लगानी गर्न ईच्छुक रहेको पाइए पनि समूहको कानूनी हैसियत तथा धितो सम्बन्धी जटिलता बारे भने कतिपय अस्पष्टताहरु रहेको पाइएको थियो । यस्तै अन्तरक्रिया अन्य विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालयहरुमा पनि आयोजना गरिएका छन ।

## अनुगमन तथा मूल्याङ्कन अभिमुखीकरण

आयोजनाको स्वीकृत अनुगमन तथा मूल्याङ्कन रणनीति र योजनामा आयोजना सम्बन्धी सम्पूर्ण विवरणहरु आयोजनाको सूचना व्यवस्थापन प्रणाली (PIMS) मा राख्ने र PIMS लाई प्रगति प्रतिवेदन तयारीको प्रमुख आधार मान्ने भन्ने भएबमोजिम आयोजना व्यवस्थापन कार्यालय र विकेन्द्रीकृत आयोजना सहयोग इकाईका अनुगमन तथा मूल्याङ्कन अधिकृतहरु, अनुगमन तथा मूल्याङ्कन विज्ञ तथा तथ्याङ्क व्यवस्थापनमा सहभागी हुने अन्य सहयोगी कर्मचारीहरुको लागि अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको छ । २०७७ कार्तिक १६ देखि १८ गतेसम्म दूर प्रविधिद्वारा सञ्चालन गरिएको सो अभिमुखीकरण कार्यक्रमको सहजीकरण आयोजनाका अनुगमन तथा मूल्याङ्कन विज्ञहरु अम्लेश्वर सिंह तथा विष्णुदयाल सिंह र सूचना तथा सञ्चार प्रविधि विज्ञ सुरेश बस्नेतले गर्नु भएको थियो भने कार्यक्रममा चारवटै विकेन्द्रीकृत आयोजना सहयोग इकाईका अधिकृत, परामर्शदाता र सहयोगी कर्मचारीको सहभागीता रहेको थियो ।

स्मरण रहोस् आयोजनाको एक्षक निर्माण अन्तिम चरणमा पुगेको छ भने आयोजनाद्वारा विगतमा सम्पन्न कामको प्रगति विवरणहरु PIMS मा राख्ने काम लगभग सकिएको छ र चालू आ.व. २०७७/७८ देखिका सबै प्रगति विवरणहरु PIMS मै व्यवस्थित गरिने छ । यो अभिमुखीकरण कार्यक्रमले आयोजना व्यवस्थापन कार्यालयका विज्ञहरुलाई PIMS मा थप सुधार गर्न पृष्ठपोषण प्राप्त भएको छ भने सहभागीहरुले एक्षक प्रयोग गर्न सहज हुने अनुभव गरिएको छ ।

1 सफलता

# नर्सरी विस्तारले आयआर्जन तथा पशु आहारामा सुधार


नेपाल लाईभष्टक सेक्टर इनोभेसन आयोजनाले पशु आहारा आपूर्ति र आहाराको गुणस्तर सुधारलाई प्राथमिकता दिई विभिन्न क्रियाकलापहरु सञ्चालन गरिरहेको छ र त्यस्ता क्रियाकलापहरुमध्ये स्थानीयस्तरमा घास तथा डालेघाँसका बिउ बेर्ना उपअब्ध गराउन नर्सरी स्थापना गराउने एक हो । यसै क्रममा विकेन्द्रीकृत आयोजना सहयोग इकाई, विराटनगरले आ.व. २०७५/७६ को वार्षिक कार्यक्रमबमोजिम प्रदेश नम्वर-१ सुनसरी, रामधुनी नगरपालिका-८, ठूलेमोहर स्थित ठुलेमोहर कृषि फार्मलाई नर्सरी विस्तार गर्न एक लाख पच्चीस हजार बराबरको रकम उपलब्ध गराइएको थियो ।

आयोजनाको सहयोगमा नर्सरी विस्तार गर्नु भएका नर्सरी धनी श्री परशुराम कार्कीले आफ्नो नर्सरीमा विभिन्न प्रजातिका भुई तथा डाले घाँसका बिउ तथा बेर्ना उत्पादन सुरुगर्ने भएको छ । करिब सात बिगाह क्षेत्रफलमा फैलिएको उहाको फार्म र नर्सरीमा अहिले किम्बु, भटमासे, मिन्दुला, अम्बा, कटहर, निवारो, बकाइनो, इन्दु, अर्जुन (साज प्रजाति), पटमिरो, टाकी आदि डाले घाँस र नेपियरका मोठ, एन.बी-२१, सी.ओ.-३, सी.ओ.-४, सुपर नेपिएर प्रजाति तथा मुलाटो, सुम्बासेटारिया, सेटेरिया, पास्पालम, दिनानाथ, पारा र बदामे आदि भुई घाँसको खेती भइरहेको छ ।

नर्सरी र फार्मबाट प्राप्त हुने घासको उपयोग गर्दै कार्कीले बाखा फार्म पनि सञ्चालन गरिरहनु भएको छ जसमा हाल विभिन्न उमेर समूहका गरी १५१ वटा बाखा छन । गत आ.व.मा सरकारी तथा अन्य संघसंस्था र कृषकलाई घाँसका बिउ, बेर्ना र प्रजनन सामग्री बिक्री गरेर रु. ७ लाख ४५ हजार कमाउन सफल हुनु भएका कार्की निकै झन उत्साहित हुनु भएको छ भने उहाको सिको गर्ने कृषकहरुको संख्या पनि बढिरहेको छ ।



*प्रस्तुतिः ज्ञान वहादुर थापा (दुग्ध मूल्य शृंखला विज्ञ)*



स्वागत तथा विदाई

## आयोजना निर्देशन समितिका अध्यक्षको विदाई



आयोजनाले एक कार्यक्रम मार्फत सरकारी सेवाबाट अवकास लिन लाग्नु भएका कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव तथा आयोजना निर्देशन समितिका अध्यक्ष श्री प्रकाश माथेमाज्यूको विदाई गरेको छ । २७ कार्तिक, २०७७ का दिन कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सभाकक्षमा सम्पन्न भएको उक्त विदाई कार्यक्रममा आयोजनाका अधिकृतहरुको सहभागीता रहेको थियो । उक्त अवसरमा आयोजना निर्देशक डा. डिल्लीराम सेडाईले आयोजना परिवारको तर्फबाट सचिवज्यूको सुखी सेवा निवृत्त जीवनको कामना सहित मायाको चिनो प्रदान गर्नु भएको थियो भने आयोजना सञ्चालनमा सचिवज्यूबाट प्राप्त भएको निर्देशन र सहयोगको लागि आभार समेत प्रकट गर्नुभएको थियो । प्रत्युत्तरमा सचिव श्री माथेमाज्यूले आयोजना परिवारलाई धन्यवाद ज्ञापन गर्दै आयोजनाको सफलताको कामना गर्नु भएको थियो । स्मरण रहोस् आयोजना निर्देशन समिति कृषि तथा पशुपन्छी विकास मन्त्रालयद्वारा कार्यान्वयन भईरहेको यो आयोजनालाई निर्देशन गर्ने माथिल्लो निकाय हो जसमा नेपाल सरकारका अन्य मन्त्रालय र निकायहरुको समेत प्रतिनिधित्व रहेको छ ।

## आयोजनाका पदाधिकारीमा हेरफेर

आ.व. २०७७/७८ को प्रथम चौमासिक अवधिमा आयोजना व्यवस्थापन कार्यालय र विकेन्द्रीकृत आयोजना सहयोग इकाईमा कार्यरत केही अधिकृतहरु सरुवा भई आयोजनाबाट बाहिर जानु भएको छ भने उहाँहरुको स्थानमा सरुवा भएर नयाँ अधिकृतहरु आउनु भएको छ । यस प्रकार सरुवा भएर आयोजनाबाट जानेहरुमा आयोजना व्यवस्थापन कार्यालयका वरिष्ठ अनुगमन तथा मूल्यांकन अधिकृत डा. जगतबन्धु नेपाली, अनुगमन तथा मूल्यांकन अधिकृत डा. सविना कोइराला र विकेन्द्रीकृत आयोजना सहयोग इकाईका प्रमुखहरु डा. रामकुमार मण्डल (विराटनगर) र डा. लक्ष्मणबहादुर ढकाल (पोखरा) हुनुहुन्छ भने आयोजनामा सरुवा भएर आउनेहरुमा विश्वनाथ गौतम (वरिष्ठ अनुगमन तथा मूल्यांकन अधिकृत), डा. सुधीरकुमार सिंह (प्रमुख, DLSU विराटनगर), डा. रेशमराज ज्ञवाली (प्रमुख, DLSU, पोखरा) र इश्वरी खतिवडा (अनुगमन तथा मूल्यांकन अधिकृत, PMU) हुनुहुन्छ ।

आयोजना परिवार सरुवा भएर आउने सबैलाई स्वागत गर्दै सरुवा भएर जाने सबैलाई उहाँहरुले आयोजनामा पुऱ्याउनु भएको योगदानकोलागि धन्यवाद सहित नयाँ कार्यालयमा सफलताको कामना गर्दछ ।

## तस्विरमा आयोजना गतिविधि



पशु सेवा तालिम केन्द्र, सुर्खेतको निर्माणाधीन भवन



गोठः बाख्रा फार्म कैलाली



बाख्रा संकलन केन्द्र निर्माणस्थल छनौट : अर्घाखाँची



निर्माणाधीन पशु सेवा केन्द्र वाणगंगा



नसूना तालिम केन्द्र, सर्लाही



घाँसको विउ प्रशोधन केन्द्र निर्माणस्थल नापजाँच : दाङ



# आयोजना कार्यान्वयमा संलग्न निकाय र जिम्मेवार व्यक्तिहरूको सम्पर्क

१. आयोजना व्यवस्थापन कार्यालय, हरिहरभवन, ललितपुर

| क्र.सं. | कार्यालय/पदाधिकारी | फोन/मोबाइल | इमेल |
|---|---|---|---|
| क | **आयोजना व्यवस्थापन कार्यालय,** हरिहरभवन, ललितपुर | ०१-५५५४९०६ | pmu@nlsip.gov.np |
| क.१ | **पदाधिकारी** | | |
| १ | आयोजना निर्देशक, डा. डिल्लीराम सेडाई | ९८४१३४५०३३ | dsedai@yahoo.com |
| २ | सूचना अधिकारी तथा वरिष्ठ अनुगमन तथा मूल्यांकन अधिकृत, डा. मोहनदेव लेखक | ९८४१५३०५३७ | mohanlekhak@gmail.com |
| ३ | वरिष्ठ योजना अधिकृत, विश्वनाथ गौतम | ९८५६०५०९६४ | bishwabnathg@gmail.com |
| ४ | उप-सचिव (लेखा), हिरा न्यौपाने | ९८४१३४७०५७ | hira_neupane@yahoo.com |
| ५ | योजना अधिकृत, सुशील खड्का | ९८५११४५८९८ | sushil.kdk@gmail.com |
| ६ | अनुगमन तथा मूल्याङ्कन अधिकृत, डा. केशव भट्ट | ९८४८७१४९९९ | vet.keshab@gmail.com |
| ७ | अनुगमन तथा मूल्याङ्कन अधिकृत, इश्वरी खतिवडा | ९८५१०५१०४५ | khatiwadadai@gmail.com |
| ८ | नायव सुब्बा, हरि सुनार | ९८४८३१३९६० | dilendrahari71@gmail.com |
| क.२ | **परामर्शदाता** | | |
| क.२.१ | **व्यक्तिगत परामर्शदाता** | | |
| १ | प्रोजेक्ट टेक्निकल लिड, डा. प्रभाकर पाठक | ९८४१२२७१९२ | drpathak@yahoo.com |
| २ | पशु प्रजनन विज्ञ, डा. श्रीराम प्रसाद न्यौपाने | ९८५१०७३४९२ | spneopane04@yahoo.com |
| ३ | खरिद विज्ञ, सतिशचन्द्र झा | ९८५११७८०४५ | ersatishjha@gmail.com |
| ४ | वित्तीय विज्ञ, योगराज पोखरेल | ९८५११३६८८३ | pokhrel.yog@gmail.com |
| क.२.२ | **संस्थागत परामर्श सेवा प्रदायक** | | |
| १ | टोली प्रमुख, प्राविधिक सेवा प्रदायक (CMS-DVN-MDT-FBC JV), डा. अमरबहादुर शाह | ९८५८०५१९३७ | shahamar10@gmail.com |
| २ | टोली प्रमुख, व्यावसायिक सेवा प्रदायक, NABIC, भूषण शाह | ९८४३३८५०२३ | bhushan@nabic.com.np |
| ३ | आधिकारिक प्रतिनिधि, Apex Inclusive JV, सुरोज धोंजु | ९८५११३६६०२ | dhojsurose@gmail.com |

२. विकेन्द्रीकृत आयोजना सहयोग इकाई

| क्र.सं. | कार्यालय/पदाधिकारी | फोन/मोबाइल | इमेल |
|---|---|---|---|
| १ | विकेन्द्रीकृत आयोजना सहयोग इकाई, विराटनगर<br>**प्रमुख**, डा. सुधीर कुमार सिंह<br>**सूचना अधिकारी**, योगेन्द्र शर्मा | ०२१-५००२८३<br>९८५११९१०८७<br>९८४२८०९५२ | dlsubiratnagar@gmail.com<br>drsksinghnp@gmail.com<br>ypsharmatiti@gmail.com |
| २ | विकेन्द्रीकृत आयोजना सहयोग इकाई, हेटौडा<br>**प्रमुख**, डा. विदुर गौतम<br>**सूचना अधिकारी**, डा. सन्तोष घिमिरे | ०५७-५२४५७५<br>९८५५०१८५४४<br>९८४१९५३१२६ | dlsuhetauda@gmail.com<br>vet.bidurgautam@gmail.com<br>drsantoshghimire@gmail.com |
| ३ | विकेन्द्रीकृत आयोजना सहयोग इकाई, पोखरा<br>**प्रमुख**, डा. रेशमराज ज्ञवाली<br>**सूचना अधिकारी**, डा. भगवती शर्मा | ०६१-५२७१२०<br>९८४५०८६२९५<br>९८५६०१७१२० | dlsupokhara@gmail.com<br>reshamg91@gmail.com<br>vetbhagawati@gmail.com |
| ४ | विकेन्द्रीकृत आयोजना सहयोग इकाई, बुटवल<br>**प्रमुख**, डा. पुरुषोत्तम त्रिपाठी<br>**सूचना अधिकारी**, लोकराज भूषाल | ०७१-५५०५८०<br>९८५७०४४४४०<br>९८५११४४५१७ | menlsipbutwal@gmail.com<br>menlsipbutwal@gmail.com<br>lrbhusal@gmail.com |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना**
हरिहरभवन, ललितपुर
फोन: +९७७ १ ५०१०००१/५५५४९०६
ई-मेल: pmu@nlsip.gov.np, वेवसाइट: www.nlsip.gov.np

यस बुलेटिन सम्बन्धि केही सुझावहरु भए यस नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनामा जानकारी गराउन हुन अनुरोध गर्दछौं ।